# एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड

## ट्रेडटावर थापाथली, काठमाडौं

## पदपूर्ति सम्वन्धी सूचना

**पुनः प्रकाशित मितिः २०७६/०६/१६**

यस कम्पनीमा रिक्त रहेको देहायको पदमा खुला प्रतियोगिताद्वारा करार सेवामा नियुक्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट मिति २०७६/०६/३० गतेभित्र कम्पनीमा हार्डकपी दर्ता गरेर वा कम्पनीको आधिकारिक इमेलः hrneaec@gmail.com मा प्राप्त हुनेगरी पुनः दरखास्त आह्वान गरिएको छ । दरखास्त पेश गर्दा आवेदक स्वयंको आधिकारिक इमेल मार्फत् पेश गर्नुपर्नेछ । रीत नपुगी, म्याद नाघी वा दरखास्तसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजात संलग्न नभई पेश हुन आएका दरखास्तहरु उपर कुनै कारवाही गरिने छैन । यसपूर्व Geotech Specialist तह ९ पदका लागि प्रस्तुतिकरण तथा अन्तर्वार्ताका लागि छनौट (Short List) गरिएको सिफारिस र तत् पश्चातका सूचना तथा परीक्षा कार्यक्रमहरु यसै सूचनाद्वारा रद्द गरिएको समेत जानकारी गराइन्छ ।

| क्र.सं. | पद | तह | पदसंख्या | न्यूनतम योग्यता | ग्राह्यता |
|---|---|---|---|---|---|
| १ | Geotech Specialist | ९ | १ | सम्वन्धित विषयमा स्नातक गरी १२ वर्षको कार्यानुभव प्राप्त गरेको वा सम्वन्धित विषय (जियोटेक) मा स्नातकोत्तर उत्तीर्ण गरेकाको हकमा स्नातक पछिको ९ वर्षको कार्यानुभव प्राप्त गरेको । | Rock Mechanics मा दक्षता प्राप्त |

**<u>दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरुः</u>**

हालसालै खिचिएको पासपोर्ट साइजको फोटो (१ प्रति), व्यक्तिगत विवरण (Resume), शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपी, कार्यानुभव प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता (विद्यावारिधि बाहेक) निर्धारण गराएको प्रमाणपत्र । नयाँ आवेदक र पूर्व दरखास्त पेश गरेका आवेदकहरुले समेत आफ्नो शैक्षिक उपाधि, सम्वन्धित विषयको रहेको भन्ने सिफारिसपत्र पेश गर्नेहुन समेत सूचित गरिन्छ ।

**दरखास्त दिने ठेगानाः** एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेडको कार्यालय, ट्रेडटावर थापाथली, काठमाडौंमा कार्यालय समय (सार्वजनिक बिदा बाहेक) भित्र दर्ता गराएर तथा कम्पनीको आधिकारिक □□□□ □□□□□□□: hrneaec@gmail.com मा म्यादैभित्र जुनसुकै समयमा पनि दरखास्त पेश गर्न सकिनेछ ।

**परीक्षाको किसिमः** संक्षिप्त सूची (Short List) को छनौट, प्रस्तुतीकरण (Presentation) र अन्तर्वार्ता (Interview) (आवेदकहरुमध्येबाट संक्षिप्त सूचीमा पर्न सफल उम्मेदवारहरुलाई मात्र प्रस्तुतीकरण र अन्तर्वार्ताको लागि बोलाइनेछ)

**परीक्षाको मिति तथा स्थानः** कम्पनीको वेवसाइटमा पछि प्रकाशन गरिनेछ ।

**करार अवधिः** १ वर्ष

**सेवा सुविधाः** कम्पनीको नियमानुसार

**<u>नोटः</u>**

(क) यसपूर्व मिति २०७६/०६/०३ मा प्रकाशित पदपूर्ति सम्वन्धी सूचना बमोजिम आवेदन दिएका उम्मेदवारहरुबाट प्राप्त भएका दरखास्तहरुलाई यथावत कायम राखी एकमुष्ठ रुपमा मूल्याङ्कन गरिनेछ । यस पदको लागि निजहरुले पुनः दरखास्त पेश गर्नुपर्ने छैन ।

(ख) कुनै उम्मेदवारले छनौट प्रकृयाका सम्वन्धमा मौखिक वा लिखित रुपमा आफैं वा अन्य व्यक्तिद्वारा प्रभावित गरेमा वा गर्न लगाएमा त्यस्तो उम्मेदवारलाई स्वत: अयोग्य घोषणा गर्न सकिनेछ ।

(ग) एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेडको संस्थापक संस्थाहरु कुनै अर्को कम्पनीको संस्थापक सदस्य रहेको त्यस्तो कम्पनीमा कार्यरत उम्मेदवारहरुले अन्तर्वार्ता परीक्षामा उपस्थित हुँदा कार्यरत कम्पनीबाट जारी गरिएको कम्पनी छोडी अन्यत्र गएमा आपत्ति नरहेको पत्र (No Objection Letter) अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**कर्मचारी छनौट तथा सिफारिस उपसमिति**
**एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड**